फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

प.सं. २०७५।०७६
च.नं. ११६३

मितिः- २०७६।०२।०९

## बिषयः- निवेदन संकलन गरी पेश गर्ने बारे

श्री सम्पुर्ण वडा कार्यालय
फेदाप गाउँपालिका ।

प्रस्तुत बिषयमा फेदाप गाउँकार्यपालिकाको मिति २०७६।०१।१० को बैठक संख्या १९।२०७५-०७६ को निर्णय बमोजिम पारित "खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" मिति २०७६।०१।१३ गतेको इमेल बाट प्राप्त गर्नु भएकै होला । सो संबन्धमा यस कार्यालयले मिति २०७६।०२।०९ गते प्रकाशन गरेको खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन गर्न जस्तापाता माग गर्ने सम्वन्धमा जारी गरिएको सार्वजनिक सूचना, निवेदनको ढांचा, छनौट भएका लाभग्राहीले आबश्यक भौतिक पूर्वाधार तयार गरिसकेपछि वडा कार्यालयले गर्नु पर्ने सिफारिसको ढाँचा यसै पत्र साथ संलग्न गरी पठाइएको छ । सो सन्दर्भमा कार्यविधिको भाग ३ बमोजिमको योग्यता पुगेका लाभग्राहीहरुलाई ब्यापक प्रचार प्रसार गरी निवेदन संकलन गरी कार्यविधिको दफा १२ बमोजिम मिति २०७६।०२।२४ गते वडा समितिको पुर्ण बैठक बसी आफ्नो वडा भित्रको लाभग्राहीको सक्कलै निवेदन यस कार्यालयमा अनिबार्य रुपमा जेठ २४ गते सांझ ५ बजे भित्रमा यस कार्यालयमा पेश गर्नु हुन जानकारी गराइन्छ ।

**नोटः निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु निवेदनको ढाँचामा उल्लेख गरिएको छ । खर, परालले छाएको छाना स्पष्ट देखिने गरीको घरको फोटो वडाध्यक्षले अनिवार्य रुपमा प्रमाणित गर्नु पर्नेछ ।**

..............................
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबुङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

## खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन गर्न जस्तापाता माग गर्ने सम्बन्धमा जारी गरिएको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७६।०२।०९

यस गाउँपालिकाको खरको छानोमुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को भाग - ५ को दफा ९ बमोजिम खर, पराल तथा गैर जस्तापाताबाट छाएको घरलाई जस्तापाताले छाएको छानामा रुपान्तरण गर्न चाहने कार्यविधिको भाग - ३ बमोजिमको योग्यता पुगेको फेदाप गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुलाई जस्तापाता माग गर्नका निमित्त कार्यविधिको दफा ११ बमोजिम आफ्नो वडा कार्यालयमा आजको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन पेश गर्नु हुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोटः

१. खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ वडा कार्यालयमा कार्यालयमा पठाइएको छ ।

२. म्याद भित्र निवेदन दिने योग्यता पुगेका निवेदक मध्ये वडा कार्यालयको सिफारिस पश्चात गाउँ कार्यपालिकाको बैठकले निर्णय पछि मात्र वितरण गरिनेछ ।

३. म्याद नाघी आएका र रितपुर्वक निवेदन पेश नभएका माग फारम प्रति कुनै पनि किसिमको कार्यवाही गरिने छैन ।

४. निवेदनको ढांचा र आबश्यक कागजात यसै सूचना साथ संलग्न रहेको छ ।

५. छनोट भएका लाभग्राहीलाई कार्यविधिको दफा १५ बमोजिम आवश्यक काम गरी वडा कार्यालयको सिफारिस पश्चात मात्र वितरण गरिनेछ ।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची –१

(कार्यविधिको दफा ११ संग सम्बन्धित)

लाभग्राहीले जस्तापाता माग गर्ने निवेदनको ढाँचा

मितिः

श्री फेदाप गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम ।

विषयः जस्तापाताका लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा म फेदाप गाउँपालिका वार्ड नं........................... निवासी ................................. को छोरा/छोरी/पत्नि..........................................ले गाउँपालिकाले मिति ........................गते प्रकाशन गरिएको सुचना अनुसार तपशील बमोजिमको कागजात संलग्न राखी ........... थान जस्तापाता माग गरेको छु । आवश्यक पूर्वाधार तयार गरेपछि फोटो सहित पुनः वडा कार्यालयको सिफारिस पश्चात मात्र जस्तापाता बुझि लानेछु ।

| | |
|---|---|
| | |

औंठाछाप

दायाँ बायाँ

निवेदकः

नाम, थरः

ठेगानाः

ना.प्र.नं.

सम्पर्क नं.

**वडा कार्यालयमा निवेदन पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरु**

१. नागरिकताको प्रतिलिपि ।

२. घर र घरले चर्चेको जग्गाको जग्गा धनि पुर्जाको प्रतिलिपि ।

३. खर, परालले छाएको छाना स्पष्ट देखिने गरीको घरको फोटो ।(वडाध्यक्षले प्रमाणित गर्नु पर्ने)

४. सभाले निर्धारण गरेको भुमि कर तथा धुरि कर तिरेको रसिदको प्रतिलिपि ।

५. घरँको लम्बाई...................., चौडाई..........................।

अनुसुची - २

कार्यविधिको दफा १५ संग सम्बन्धित

लाभग्राहीले आबश्यक पूर्वाधार तयार गरिसकेपछि वडा कार्यालयले गर्ने सिफारिसको ढाँचा

फेदाप गाउँपालिका

..... नं. वडा कार्यालय

......, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

प.सं. २०७५।०७६ मितिः-

च.नं.

श्री फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

बिषयः- जस्तापाता वितरणको लागि सिफारिस गरिएको बारे

प्रस्तुत बिषयमा फेदाप गाउँपालिकाको चालु आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत खरको छानो मुक्त गाउँपालिका कार्यक्रमबाट लाभान्वित हुन कार्यपालिकाबाट स्विकृत खरको छानो मुक्त गाउँपालिका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को अधिनमा रही यस वडा निवासी श्री.............................................ले आबश्यक पूर्वाधार तयार गरिसक्नु भएकोले उक्त फोटो यसै साथ संलग्न निजलाई....... थान जस्तापाता वितरणको लागि सिफारिस गरिएको छ ।

................................................

नाम थर

वडाध्यक्ष